# सियारी गाउँपालिका
Siyari Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office Of Rural Municipal Executive
हर्नैया, रुपन्देही
Harnaiya, Rupandehi

प.सं./ Ref. No.: २०८०/०८१
च.नं. / Dispatch No. :

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

मिति: २०८०/११/०२
ने.सं. :- ११४४, सिल्लाथ्व, ५ बुधबार

**भूमिहीन दलित, भुमिहीनसुकुम्बासी र अव्यवस्थित बसोबासीले निबेदन दिने सम्बन्धि ३५ दिने सुचना ।**

उपरोक्त सम्बन्धमा राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित, भूमिहीन सुकुम्बासीहरुलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि सियारी गाउँपालिका रुपन्देहीका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले आफूले बसोवास वा आवाद कमोत गरेको जग्गा पाउन तोकिए बमोजिमको ढाँचामा निवेदन फारम भरी सम्बन्धित वडा कार्यालयमा फारममा उल्लेखित विवरण पुष्टयाई गर्ने प्रमाण कागज यो सूचना प्रकाशन भएको ३५दिन (२०८० चैत्र०५ गते सम्म) कार्यालय समय भित्र वडा कार्यालय वा कार्यालयले तोकेको स्थानमा गई निबेदन दिनुहुन अनुरोध छ ।

**निबेदन दिनका लागि आवश्यक कागजातहरु :**

| क्र.स. | भूमिहीन दलित, भुमिहीनसुकुम्बासी | क्र.स. | अव्यवस्थित बसोबासी |
|---|---|---|---|
| १ | परिवारमुलीको पति : पत्निको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी र हालसालै खिचेको पासपोर्ट साईजको फोटो २/२ पति । | १ | परिवारमुलीको पति : पत्निको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी र हालसालै खिचेको पासपोर्ट साईजको फोटो २/२ पति । |
| २ | परिवारमूलीको बाबु, आमा र नागरिकता प्राप्त सदस्यहरुको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी (नाबालकको हकमा जन्म दर्ता) २/२ प्रति) । | २ | परिवारमूलीको बाबु, आमा र नागरिकता प्राप्त सदस्यहरुको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी (नाबालकको हकमा जन्म दर्ता) २/२ प्रति) । |
| ३ | जग्गा उपभोगको प्रमाण:विद्युत वा पानीको महसुल तिरेको रसिद/विगतमा स्थानीय तहले दिएको सिफरिस /घरसारको कागज/भोगचलन गर्न दिएको प्रमाण/घरनक्सा पासको प्रमाण र विगतमा आयोगले दिएको निस्साको फोटोकपी १/१ प्रति । (परिवारमुली आफू वा आफ्नो परिवारको सदस्यको नामको भोगचलनमा नेपाल अधिराज्यभर कहिकतै जग्गा दर्ता नरहेको हकमा यि कागजहरु अनिवार्य आवश्यकता नपर्ने) | ३ | जग्गा धनी प्रमाण पुर्जा भएको तर प्राकृतिक प्रकोप वा अन्य कारण आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको सबै जग्गा प्रयोगमा आउने सम्भावना नभई त्यस्तो जग्गाको हकभोग नेपाल सरकारको नाममा कायम गरेका भूमिहिनका हकमा सो विषयको मालपोत कार्यलयको लगत कट्टा समितिको निर्णय र मालपोत कार्यालयको पत्र । |
| ४ | माथि उल्लेखित सबै कागजातको सक्कल प्रमाण पत्र र तोकिएको संख्याको फोटोकपी तयारी अवस्थामा राख्ने । | ४ | जग्गा उपभोगको प्रमाण : विद्युत वा पानीको महसुल तिरेको रसिद/विगतमा स्थानीय तहले दिएको सिफरिस/घरसारको कागज/भोगचलन गर्न दिएको प्रमाण/घरनक्सा पासको प्रमाण र विगतमा आयोगले दिएको निस्सा/बसाईसराईको प्रतिलिपी, स्थानीय तहले घरधुरी कायम गरी कर संकलन गरेको प्रमाण |
| ५ | उमेर पुगेको परिवार सदस्यको मतदाता परिचय पत्रको फोटोकपी । | ५ | आफू वा परिवारको सबै सदस्यको नाममा अन्यत्र रहेको सबै जग्गाको पुर्जाको प्रतिलिपी र सम्बन्धित स्थानीय तहको जिल्ला मालपोत कार्यालयले सम्पतिकर प्रयोजनका लागि निर्धारणको मुल्यांकन सम्बन्धि स्थानीय तहको पत्र । |
| ६ | उपलब्ध अन्य प्रमाणहरु । | ६ | माग गरेको जग्गामा निवेदकले कति वर्ष अवधिबाट आवाद कमोत गरी आएको मनी प्रमाणित गरेको सम्बन्धित गा.वि.स. वा गा.पा.को निर्णय बमोजिमको सिफारिस । |
| | | ७ | उमेर पुगेको परिवार सदस्यको मतदाता परिचय पत्रको फोटोकपी । |
| | | ८ | उपलब्ध अन्य प्रमाणहरु । |

नोट :बिगतमा यस अघि कार्यालयबाट मिति २०७७/११/०२ गते र मिति २०७८/११/२६ गते जारी भएको सुचनाको आधारमा निबेदन दिन छुट भएका निवेदकहरुले मात्र निबेदन फारम भरी पेश गर्नुहुन अनुरोध छ । यस अघि निबेदन फारम भरी पेश गरिसकेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले यो सूचनाको आधारमा पुन: निबेदन पेश गर्नु नपर्ने साथै तोकिएको ढांचाको निबेदन सम्बन्धित वडा तथा गाउँपालिकाको भुमि व्यवस्थापन शाखाबाट प्राप्त गर्न सकिन्छ।

ऋषिराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

ऋषिराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत